# प्राथमिक सहायक सामाग्री सूचि सम्बन्धी कार्यसञ्चालनका लागि मार्ग निर्देशन

# २०७८

**नेपाल सरकार**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

स्वास्थ्य सेवा विभाग

इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा

**कुष्ठरोग नियन्त्रण तथा अपाङ्गता व्यवस्थापन शाखा**

टेकू, काठमाडौं ।

**नेपाल सरकार**
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा
**कुष्ठरोग नियन्त्रण तथा अपाङ्गता व्यवस्थापन शाखा**

प्रतिलिपि अधिकार © २०२२

# प्राथमिक सहायक सामाग्री सूचि सम्बन्धी कार्यसञ्चालनका लागि मार्ग निर्देशन

२०७८

## सम्पादक

डा. प्रशन्न नापित - शाखा प्रमुख, (कुष्ठरोग नियन्त्रण तथा अपांगता व्यवस्थापन शाखा), डा.रबिन्द्र बास्कोटा - ब.क.डर्माटोलोजिष्ट (स्वास्थ्य तथा जनसंख्या मन्त्रालय), निष्ठा श्रेष्ठ - उप-प्रमुख फिजियोथेरापिष्ट (कुष्ठरोग नियन्त्रण तथा अपांगता व्यवस्थापन शाखा), श्री अमितरत्न बज्राचार्य - बिशेषज्ञ (प्रोस्थेटिक्स र अर्थोटिक्स), श्री सुनिल पोखरेल - अपांगता समावेशि पुनर्स्थापना अधिकृत (विश्व स्वास्थ्य संगठन नेपाल) ।

## परामर्शदाता

श्री अमितरत्न बज्राचार्य - बिशेषज्ञ (प्रोस्थेटिक्स र अर्थोटिक्स)

## योगदानकर्ता

डा. दिपेन्द्र रमण सिंह - महानिर्देशक (स्वास्थ्य सेवा विभाग, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय), डा.कृष्ण पौडेल - निर्देशक, (निति, योजना तथा अनुगमन महाशाखा, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय), डा. चुमनलाल दास - निर्देशक, (इपिडिमियोलोजि तथा रोग नियन्त्रण महाशाखा), डा. प्रशन्न नापित - शाखा प्रमुख (कुष्ठरोग नियन्त्रण तथा अपांगता व्यवस्थापन शाखा), रबिन्द्र बास्कोटा - ब.क.डर्माटोलोजिष्ट (स्वास्थ्य तथा जनसंख्या मन्त्रालय), डा. माधब लम्साल - जनस्वास्थ्य प्रशासक (राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र), निष्ठा श्रेष्ठ - उप प्रमुख फिजियोथेरापिष्ट (कुष्ठरोग नियन्त्रण तथा अपांगता व्यवस्थापन शाखा), महेन्द्र गिरी - जनस्वास्थ्य अधिकृत (कुष्ठरोग नियन्त्रण तथा अपांगता व्यवस्थापन शाखा), श्री प्रबिन कुमार यादब - फिजियोथेरापिष्ट (राष्ट्रिय ट्रमा सेन्टर), डा. केदार मरहट्टा-एन.पि.ओ - विश्व स्वास्थ्य संगठन नेपाल, श्री सुनिल पोखरेल - अपांगता समावेशि पुनर्स्थापना अधिकृत (विश्व स्वास्थ्य संगठन नेपाल), श्री यमनाथ मैनाली - अध्यक्ष (नास्पिर) स्मृति सुवाल - पुनर्स्थापना प्राविधिक सल्लाहकार, (शारिरीक ह्याण्डिक्याप इन्टरनेशनल नेपाल), राधिका श्रेष्ठ - पुनर्स्थापना विज्ञ (यु.एस.ए.आ.डि. नेपाल), श्री चुणामणि भण्डारी - जनस्वास्थ्य विज्ञ, डा.उत्तम घिमिरे- कन्सलटेन्ट ह्याण्डिक्याप इन्टरनेशनल) ।

# विषय सूचि

**विषय** **पृष्ठ संख्या**

पृष्ठभूमि........................................................१

प्राथमिक सहायक सामाग्री सूचि सम्बन्धी कार्यसंचालनका लागि मार्गनिर्देशनको औचित्य र यसबाट प्राप्त हुनसक्ने उपलब्धि........................................................४

उद्देश्य........................................................७

स्थानीय तहमा सहायक सामाग्री सेवा कार्यान्वयन विधि........................................................८

सहायक सामाग्रीको पहिचान..............................१०

सेवा प्रदायक संस्थाको पहिचान तथा सूचीकरण.............१३

सोधभर्ना गर्ने विधि........................................१५

निजी तथा गैर सरकारी सेवा प्रदायक संस्थाहरुसँगको

साझेदारी........................................................१७

सहायक सामाग्री सेवा प्रवाहको अनुगमन तथा निरीक्षण........................................................१८

सहायक सामाग्री वितरण गर्दाको न्यूनतम चिकित्सकीय क्लिनिकल प्रक्रिया........................................................१९

अनुसूचि १ः सहायक सामाग्री आवश्यकता भएका व्यक्तिको विवरण........................................................२१

# पृष्ठभूमि

विश्व स्वास्थ्य संगठनको अनुमान अनुसार विश्वको कुल जनसंख्यामध्ये १ अर्ब व्यक्तिहरुलाई एक वा एकभन्दा बढि प्रकारका सहायक समाग्रीहरुको आवश्यकता रहेको छ । सहायक सामाग्रीको अपाङ्गता भएका व्यक्तिहरुको पुनर्स्थापनाका साथै रोगको उपचार, अपाङ्गताको रोकथाम (जस्तैः मधुमेहको कारण खुट्टामा अल्सर हुन नदिन विशेष जुत्ताको प्रयोगले एम्पुटेशन बाट जोगाउन), व्यक्तिको शिक्षा प्राप्तिको अधिकारमा पहुँच (जस्तैः दृष्टि तथा श्रवण को समस्यामा उपयुक्त सहायक सामाग्रीको प्रयोग), रोजगारी तथा सामाजिक सहभागिताको अवसरमा सुधार गर्न समेत मद्दत गर्दछ ।

विश्वभर सहायक प्रविधि तथा सामाग्रीको आवश्यकता वृद्धि भइरहेको अवस्था छ । नेपालको रोग भार अध्ययन-२०१७ (Nepal Burden of Disease-2017) अनुसार नेपालको जनसंख्यामा १२.५ वर्षले औसत आयु वृद्धि भएको जनाएको छ । तर यसरी आयु वृद्धि हुँदा पनि परिवर्तित

रोग भार (Shifting Burden of Diseases) को कारण स्वस्थ जीवनको सरदर आयु (Healthy Life Expectancy) महिलामा ६२ वर्ष र पुरुषमा ६० वर्ष मात्र देखिएको छ। प्रौढ जनसंख्यामा non communicable diseases, sensory impairment, musuloskeletal disorder सम्बन्धीत विभिन्न स्वास्थ्य समस्या देखिने हुनाले उमेरको कारण हुने अपाङ्गताको हेरचाहमा विशेष ध्यान दिनु पर्ने हुन्छ । यसको लागी सहायक सामाग्री सेवाको पहुँच सहज हुने वातारणको निर्माण हुनुपर्दछ ।

नेपालमा सहायक सामाग्रीको आवश्यकता अनुरूप प्राथमिकिकरण गर्दै स्थानीय तहबाट नै सेवा वितरणमा सहजता कायम गरी पहुँचमा सुधारका लागी स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभागबाट **नेपालको प्राथमिक सहायक सामाग्री सूचि - २०७५ ("Priority Assistive Product List of Nepal, 2018")** प्रकाशित गरिएको छ । स्थानीय स्तरमा विद्यमान स्वास्थ्य प्रणाली अन्तर्गत एकिकृत रुपमा सहायक सामाग्री सेवा प्रवाह गर्ने लक्ष्य सहित यो सूचिको विकास भएको हो । **अपाङ्गता भएका**

**व्यक्तिको अधिकार सम्बन्धी नियमावली २०७७** मा अत्यावश्यक सहायक सामाग्रीका सूचिमा उल्लेख भए अनुरूप समुदाय स्तरमा नै उचित नापजाँच सहित सहायक सामाग्रीको सहज उपलब्धता तथा पहुँचमा सुधारको निम्ति प्राथमिक सहायक सामाग्री सूचि सम्बन्धी कार्यसञ्चालनका लागि मार्गनिर्देशन महत्वपूर्ण हुनेछ ।

# प्राथमिक सहायक सामाग्री सूचि सम्बन्धी कार्यसञ्चालनका लागि मार्गनिर्देशनको औचित्य र यसबाट प्राप्त हुनसक्ने उपलब्धि

संघीय संरचनामा सबै नागरिकका लागी सामाजिक न्याय र सुशासनमा आधारित स्वास्थ्य प्रणालीको विकास र विस्तार गर्दै गुणस्तरिय स्वास्थ्य सेवाको पहुँच र उपभोग सुनिश्चित गर्ने, **राष्ट्रिय स्वास्थ्य नीति, २०७६** को लक्ष्य अनुरुप सहायक सामाग्री सेवा प्रवाहमा सहज पहुँचको निम्ति कार्यान्वयन पक्ष महत्वपूर्ण हुनेछ । सबै तहका स्वास्थ्य संस्थाहरुबाट गुणस्तरिय सहायक सामाग्री सम्बन्धी सेवा प्रवाह सुनिश्चित गर्न समेत यसले मार्ग प्रसस्त गर्नेछ । सहायक सामाग्री सेवाको आवश्यकताको पहिचान वडास्तर देखि नै शुरुवात हुन आवश्यक छ । साथै नीति अनुरुप समुदाय स्तर देखि अति-विशिष्टिकृत सेवा प्रदायक संस्थाहरुसम्म दोहोरो प्रेषण प्रणालीको विकास गरी सहायक सामाग्री सेवाको पहुँच बढाउन समेत सहज हुनेछ ।

**जनस्वास्थ्य सेवा ऐन २०७५** बाट प्रत्येक नागरिकको गुणस्तरिय स्वास्थ्य सेवा सहज र सर्वसुलभ रुपमा प्राप्त गर्ने अधिकार सुनिश्चित गरिएको छ। स्वास्थ्य सेवाको पहुँच तथा सुनिश्चितता गर्ने सन्दर्भमा नसर्ने रोग तथा शारीरिक अपाङ्गता सम्बन्धी सेवा समेत निःशुल्क प्राप्त गर्ने हक सहित आधारभूत स्वास्थ्य सेवाको रुपमा स्थापित गरीसकेको छ । त्यसकारण पनि सहायक सामाग्रीको सहजरुपमा गुणस्तरिय सेवा प्रवाहको कार्यान्वयनको निम्ति पनि सञ्चालन कार्ययोजनाको आवश्यक छ ।

सहायक समाग्री सेवाको पहुँचको आवश्यकता उच्च रहेको कारण सेवा प्रवाह सम्बन्धी सरल सेवा प्रवाह प्रणाली महत्वपूर्ण छ । सेवा प्रवाह प्रणालीले प्राथमिक सहायक सामाग्री सूची सम्बन्धी कार्यसञ्चालन मार्गनिर्देशनद्वारा निम्नानुसार सहयोग पुग्नेछ :

- स्थानीय तहमा सहायक सामाग्रीको आवश्यकता, यसको प्रकार, तथा संख्याको पहिचानको कार्यविधि निर्माण तथा बजेट बिनियोजनमा सहयोग ।

- अपाङ्गता सिघ्र पहिचानको वातावरण निर्माण गरी समयमा अपाङ्गता रोकथाम गर्न आवश्यक सहायक सामाग्रीको पहिचान, प्रेषण तथा सेवा प्रवाहका लागी वातावरण ।
- स्थानीय तहबाटै सहायक सामाग्रीको उपलब्ध गर्न मद्दत र सहज पहुँचमा वृद्धि ।
- स्थानीय तहमा नै राष्ट्रिय मापदण्ड अनुरुप दक्ष जनशक्ति र उपयुक्त प्राविधिक नापजाँच गरी सहायक सामाग्री सेवा प्रवाह गर्नमा सहजता ।
- सेवा प्रवाह गर्न अपनाउनु पर्ने विधि बुझ्नमा सहजता ।
- कार्यान्वयन तहमा अनुगमण, सुपरिवेक्षण तथा निरीक्षणको आधार ।

# उद्देश्य

स्वास्थ्यका तीन वटै तहका स्वास्थ्य प्रणलीबाट सहायक सामाग्री सेवा प्रवाह सहज र सरल रुपमा कार्यान्वयन गर्न ।

# स्थानीय तहमा सहायक सामाग्री सेवा कार्यान्वयन विधि

सामान्यतया सहायक सामाग्री भन्नाले शारीरिक अपाङ्गतासंग सम्बन्धीत सहायक सामाग्रीहरु जस्तै कृत्रिम हातखुट्टा, क्यालिपर, व्हिलचेयर भन्ने मानसिकता रहेको छ भने परोपकारी तवरमा निःशुल्क शिविर मार्फत वितरण गर्ने प्रचलन रहिआएको छ । विश्व स्वास्थ्य संगठनले सहायक सामाग्रीलाई स्वास्थ्यको एक उपसमूहको रुपमा स्थापित गरिसकेको अवस्थामा यस सेवा को प्रवाह स्वास्थ्य सेवा अनुरुप सहायक सामाग्री सम्बन्धी न्यूनतम मापदण्ड अनुरुप हरेक नागरीकको पहुँचमा हुन आवश्यक छ। स्थानीय तहमा राष्ट्रिय मापदण्ड अनुसार सेवा प्रवाह गर्न गुणस्तरिय सहायक सामाग्री मात्र नभई सेवा प्रवाहमा दक्ष जनशक्तिको संलग्नता, सेवा प्रणालीको पूर्णता, सेवाको अनुगमन, मर्मत तथा दिर्घकालिन निरन्तरता को व्यवस्था न्यूनतम आवश्यकताको रुपमा स्थापित भएको हुनुपर्दछ । सहायक समाग्री उपलब्ध गराउँदा प्राथमिक सहायक सामाग्री सूचि (Priority

Assistive Product List) मा उल्लेख ISO Code भन्दा फरक नपर्ने गरी सहायक समाग्री उपलब्ध गराउनु पर्दछ ।

विशेष रुपमा अपाङ्गता भएका व्यक्तिहरुको निम्ति उपलब्ध सहायक समाग्रीहरुको वर्गीकरण र यसको पहिचानमा एकरुपता कायम गर्न यस सूचिमा ISO Code उल्लेख गरीएको हो । यस कोडले सबै निकाय तथा स्थानमा सहायक सामाग्रीको सही पहिचान गर्न मद्दत मिल्नेछ ।

यस प्राथमिक सहायक सामाग्री सूचि (Priority Assistive Product List) संचानल योजना प्रभावकारी रुपमा सञ्चालन गर्नको लागी सम्बन्धीत सरोकारवाला, स्थानीय निकायका प्रतिनिधि तथा स्वास्थ्य प्रणलीको तीन वटै तहका सम्बन्धीत कर्मचारी तथा स्वास्थ्यकर्मीहरुलाई यस सम्बन्धी अभिमूखिकरण तालिमको शुरुवात गर्न आवश्यक छ ।

# सहायक सामाग्रीको पहिचान

- सहायक सामाग्रीको आवश्यकता स्थानीय तहको स्वास्थ्य शाखा सँग समन्वय गरी हरेक वडाबाट सङ्कलन गर्ने ।
- सहायक सामाग्री आवश्यक पर्ने व्यक्तिहरुको जाँच गरी आवश्यक सहायक सामाग्री सम्बन्धी स्वास्थ्यकर्मीबाट जाँच गराइ तत्काल सहायक सामाग्री आवश्यक भए नभएको निक्योंल गर्ने र आवश्यक सहायक सामाग्रीको विवरण राख्ने ।
- महिला स्वास्थ्य स्वयंसेविकारुको सहयोग र समन्वयमा आवश्यकताको पहिचान गर्ने ।
- घरभेट गर्ने ।
- अभिलेख अनुरुप सहायक सामाग्री प्राप्त गरे नगरेको सुनिश्चित गर्ने ।
- परामर्श दिने ।

- आवश्यक सहायक सामाग्री, संख्या तथा प्रकार खुल्ने गरी अभिलेख राख्ने ।
- सहायक सामाग्री उपलब्ध गर्नको निम्ति हरेक वडामा सम्बन्धीत विशेषज्ञ सहित समितिको गठन गर्ने ।
- अभिलेखको आधारमा आवश्यकताको प्राथमिकिकरण गरी सहायक सामाग्री वितरणको प्रबन्ध मिलाउने । प्राथमिकिकरणको लागी उपयुक्त कार्यविधिको निर्माण गर्ने ।
- सम्बन्धीत महा/उप-महा/नगर/ गाउँ पालिकाले विस्तृत कार्ययोजना तयार गर्न निम्न विवरणहरु संकलन गर्ने ।

*सेवा प्रदायक संस्थाहरु*

  - शारिरीक अपाङ्गता सम्बन्धी सहायक समाग्री सेवा प्रदायक संस्थाहरु
  - स्वर तथा बोलाइ सम्बन्धी सहायक समाग्री सेवा प्रदायक संस्थाहरु

- दृष्टि सम्बन्धी सहायक समाग्री सेवा प्रदायक संस्थाहरु
- श्रवण सम्बन्धी सहायक समाग्री सेवा प्रदायक संस्थाहरु
- बौद्धिकता सम्बन्धीसहायक समाग्री सेवा प्रदायक संस्थाहरु

- कार्य सञ्चालनमा आवश्यक जनशक्ति र जिम्मेवारीको विवरण तयार गर्ने ।
- वडामा अपाङ्गता भएका व्यक्तिहरुको अभिलेख राख्दा सहायक सामाग्रीको आवश्यकताको विवरण समेत राख्ने (अनुसूची १)

# सेवा प्रदायक संस्थाको पहिचान तथा सूचिकरण

- राष्ट्रिय मापदण्ड अनुरुप प्रचलित नियम कानून बमोजिम दर्ता भएको र इपिडिमियोलोजि तथा रोग नियन्त्रण महाशाखा, कुष्ठरोग नियन्त्रण तथा अपाङ्गता व्यवस्थापन शाखाद्वारा सूचिकृत भएका संस्थाको विवरण राख्ने ।
- सेवा प्रवाह गर्दा पहिचान भएका सरकारी, गैर सरकारी तथा निजी संस्थाहरु सँगको साझेदारीमा गर्ने ।
- आवश्यकता अनुसार योग्य तथा दक्ष जनशक्ति उपलब्ध भएको संस्था हुनुपर्ने ।
- सेवा प्रवाह पश्चात मर्मत संभार तथा वारेन्टीको सुनिश्चितता प्रदान गर्ने संस्था हुनुपर्ने ।
- सेवाग्राहीको छनौटको अधिकार प्रत्याभूत गर्दै सेवाग्राहीद्वारा छनौट गरेको सहायक सामाग्री, विशेषज्ञ,

सेवा प्रदायक संस्थाबाट सेवा प्राप्त गर्न आवश्यक प्रक्रिया सुनिश्चित गर्ने ।

- स्थानीय तहमा उपलब्ध नभएका सेवा प्रादेशिक तथा संघिय तहका विशेषज्ञ, स्वास्थ्यकर्मी तथा सेवा प्रदायक संस्थाहरुमा दोहोरो प्रेषणको व्यवस्था गर्ने र सेवा प्राप्तिको सुनिश्चितता गर्ने ।

# सोधभर्ना गर्ने विधि

- राष्ट्रिय मापदण्ड अनुरुप प्राथमिक सहायक सामाग्रीहरुको अधिकतम मूल्य सहितको सूची प्रकाशित भएको हुनेछ ।
- स्थानीय तहबाट सेवा प्रदायक संस्था मार्फत जांच गरी आवश्यक सहायक सामाग्रीको नाम, प्रकार, तथा संख्याको पहिचान गरी दर्ता गर्ने र **प्रयोगकर्ता कार्ड** उपलब्ध गराउने ।
- प्राथमिकिकरणको आधारमा सहायक सामाग्री सेवाको लागी सेवा प्रदायक संस्थामा सिफारिस गरी पठाउने ।
- राष्ट्रिय मापदण्ड अनुसार पूर्ण क्लिनिकल प्रक्रिया अवलम्बन गरी सेवा प्रवाह गरेको हुनुपर्ने ।
- स्थानीय तहबाट **सुविधा** अनुरुप वा निःशुल्क सहायक सामाग्री प्राप्त गरे पिच्छे प्राप्त गरेको सहायक सामाग्री विवरण सहित प्राप्त गरेको मिति खुल्ने गरी प्रयोगकर्ता कार्डमा उल्लेख गर्ने ।

- स्थानीय तहबाट सुविधा अनुरुप वा निःशुल्क सहायक सामाग्री प्राप्त गरे पिच्छे प्राप्त गरेको सहायक सामाग्री सहित प्राप्त गरेको मिति समेत खुल्ने गरी विवरणको रेकर्ड राख्ने ।
- कुनै पनि सहायक सामाग्री प्राप्त गरेको मिति ३ वर्ष पछि मात्र अर्को सामाग्री प्राथमिकताको आधारमा निःशुल्क उपलब्ध गराउने । मर्मत संभारद्वारा सामाग्रीको उच्चतम प्रयोग हुन सक्ने अवस्थासम्म सोही सामाग्रीको प्रयोगलाई जोड दिने ।
- पहिले प्राप्त गरेको सहायक सामाग्री प्रयोग गर्न नमिल्ने सम्बवन्धित सहायक सामाग्री विशेषज्ञद्वारा प्राविधिक ठहर पश्चात वा ३ वर्ष पश्चात अर्को सहायक सामाग्री उपलब्ध गराउने ।
- सिफारिस गरेका सेवा प्रदायक संस्थामा गई सेवा प्राप्त गरे पश्चात शुल्क भुक्तान गरीदिने ।

# निजी तथा गैर सरकारी सेवा प्रदायक संस्थाहरुसँगको साझेदारी

स्थानीय तहमा दर्ता भएका सेवाग्राहीको आवश्यकता प्राथमिकिकरण गरी सूचिकृत सेवा प्रदायक संस्थाहरुसँग साझेदारी सम्बन्धीकार्यविधिको विकास गर्ने। राष्ट्रिय मापदण्ड अनुरुप सेवाको सुनिश्चितता गर्दै साझेदारीमा आवश्यक सहायक सामाग्री उपलब्ध गर्ने गराउने ।

# सहायक सामाग्री सेवा प्रवाहको अनुगमन तथा निरीक्षण

- कुष्ठरोग नियन्त्रण तथा अपाङ्गता व्यवस्थापन शाखाको नेतृत्वमा अनुगमन तथा निरिक्षणको लागी स्वास्थ्य मन्त्रालय अन्तर्गत संयत्र गठन भएको हुनेछ ।

- स्थानीय निकायबाट सेवाप्रदायक संस्थाहरुसँग राष्ट्रिय मापदण्ड अनुरुप सहायक सामाग्री उपलब्धताको लागी समन्वयको साथ साथै मापदण्ड अनुरुप सेवा प्रवाह कार्यान्वयन भए नभएको वारे सुनिश्चितताको लागी समय समयमा अनुगमन, सुपरिवेक्षण तथा निरिक्षण गर्नेछ ।

- अनुगमनको लागी उल्लेखित हरेक सहायक सामाग्रीको specification तथा सामाग्रीको गुणस्तरियताको मापदण्ड बारे प्राविधिक विवरण तयार गरिनेछ ।

# सहायक सामाग्री वितरण गर्दाको न्यूनतम चिकित्सकिय (क्लिनिकल) प्रक्रिया

सहायक सामाग्री उपलब्ध गराउँदा प्राथमिक सहायक सामाग्री सूचिको बुँदा ६ मा उल्लेख नापजाँच, सिफारिस तथा क्लिनिकल विधि पूर्ण रुपमा पालना गर्नु पर्नेछ ।

१. सम्बन्धीत सहायक सामाग्री विशेषज्ञ (जस्तै प्रोस्थेटिस्ट अर्थोटिस्ट, अप्टोमेट्रिस्ट, स्पीच एण्ड हेयरिङ्ग प्याथालोजिस्ट् आदि)बाट जाँच गरी सहायक सामाग्रीको आवश्यकता वारे सिफारिस (प्रेस्कृपशन) तयार गर्ने ।

२. आवश्यक सहायक सामाग्री वारे पूर्ण परामर्श प्रदान गर्ने । परामर्श गर्दा प्रयोगकर्ताको साथ साथै परिवार वा सहयोगी समेतको उपस्थितीमा गर्ने ।

३. आवश्यक सहायक सामाग्रीको निक्यौंल गर्दा प्रयोगकर्ताको साथ साथै परिवार वा सहयोगी समेतको सहभागीतामा गर्ने ।

४. आवश्यक सहायक सामाग्रीको नाप जाँच गर्ने ।

५. आवश्यक सहायक सामाग्रीको निर्माण, उत्पादन गर्ने ।

६. सहायक सामाग्रीको जडान गर्ने ।

७. सहायक सामाग्रीको प्रयोग पश्चात परिणाम मापन (outcome measurement) गरी अभिलेख राख्ने ।

८. सहायक सामाग्रीको प्रयोग तथा हेरचाह सम्बन्धी तालिम उपलब्ध गर्ने ।

# अनुसूची १

## सहायक सामाग्री आवश्यकता भएका व्यक्तिको विवरण

व्यक्तिको नाम : ............................................ उमेर : ................ लिङ्ग : ...........

ठेगाना : ........................................................................................................

सम्पर्क विवरण : .............................................................................................

अपाङ्गताको प्रकार : .........................................................................................

सेवा प्राप्त गरेको संस्था : ..................................................................................

प्रयोग गरिरहेको सहायक सामाग्री :............................................ संख्या : ...................

सहायक सामाग्री प्राप्त गरेको केन्द्र : ......................................... मिति : ..................

आवश्यक सहायक सामाग्री : ..................................................संख्या : ..................

**नेपाल सरकार**
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा
**कुष्ठरोग नियन्त्रण तथा अपाङ्गता व्यवस्थापन शाखा**
टेकु, काठमाडौं ।